# <u>योगदानकर्ता सापटी सम्बन्धी प्रश्नोत्तर संग्रह (FAQ)</u>

१. **कोषले कुनकुन प्रकारका सापटी प्रदान गर्छ ?**

- कोषले कम्तिमा ३६ महिना योगदान गरेका योगदानकर्ताहरूलाई विशेष सापटी, घर सापटी, शैक्षिक सापटी र सामाजिक कार्य सापटी प्रदान गर्छ।

२. **कोषले प्रदान गर्ने सापटीका लागि निवेदन कसरी दिने ?**

- कोषबाट प्रदान गरिने विशेष सापटीका लागि अनलाईन प्रणाली मार्फत निवेदन दिन सकिन्छ भने अन्य सापटीको हकमा स्वयं योगदानकर्ता कोषको केन्द्रिय तथा शाखा कार्यालयहरूमा गएर निवेदन दिनुपर्छ।

३. **कस्ता योगदानकर्ताले घर तथा शैक्षिक सापटी प्राप्त गर्न सक्छन् ?**

- कम्तीमा छत्तीस महिना योगदान रकम जम्मा गरेका र उमेर वा सेवा अवधिको आधारमा अनिवार्य अवकाश हुन कम्तीमा दुई वर्ष बाँकी रहेका योगदानकर्ताहरूले घर तथा शैक्षिक सापटी प्राप्त गर्न सक्छन्।

४. **कोषले प्रदान गर्ने घर सापटी कुनकुन प्रयोजनका निम्ति लिन सकिन्छ ?**

- कोषले प्रदान गर्ने घर सापटी तल उल्लेखित प्रयोजनका निम्ति लिन सकिन्छः
  क) नयाँ घर निर्माण गर्न,
  ख) आफ्नो स्वामित्वमा रहेको घरमा तला थप्न तथा मर्मत गर्न,
  ग) संयुक्त आवासमा युनिट खरिद गर्न र
  घ) घर खरिद गर्न।

५. **घर सापटीको सीमा निर्धारण कसरी गरिन्छ ?**

- घर सापटीको सीमा निर्धारण धितो मूल्याङ्कनबाट कायम भएको रकममा नबढ्ने गरी पचहत्तर लाख रुपैयाँ, योगदानकर्ताको पन्ध्र वर्षको तलब वा योगदानकर्ता साठी वर्ष उमेर पुग्न बाँकी कार्य अवधिको तलब जुन कम हुन्छ सोही बमोजिम गरिन्छ।

६. **घर सापटीको भुक्तानी कोषले कसरी गर्छ ?**

- घर निर्माण गर्ने प्रयोजनले वा घरमा तला थप्न वा मर्मतका लागि घर सापटी प्रदान गर्दा कोषले कम्तीमा दुई किस्ता र अधिकतम चार किस्तामा रकम उपलब्ध गराउँछ। पहिलो किस्ता भुक्तानी गर्दा स्वीकृत सापटीको बढीमा पच्चीस प्रतिशत र बाँकी किस्ता भुक्तानी गर्दा मूल्याङ्कनकर्ताले सिफारिस गरेको प्रगति विवरणका आधारमा कायम गरिन्छ तर घर खरिद गर्दा स्वीकृत रकम एकमुष्ट लिन सकिन्छ।

७. **कस्तो अवस्थामा घर वा शैक्षिक सापटी प्रदान गरिदैन ?**

- अन्य सापटी लिई सापटीको ब्याज नियमित चुक्ता नगरेका योगदानकर्तालाई कोषले घर सापटी प्रदान गर्दैन।

८. **घर सापटी कति समयभित्र चुक्ता गर्नुपर्छ ?**

❖ योगदानकर्ताले अनिवार्य अवकाश हुने अवधि ननाघ्ने गरी घर सापटीको पहिलो किस्ता लिएको बढीमा बीस वर्षभित्र सापटी चुक्ता गरि सक्नुपर्छ ।

९. **सापटी लिने योगदानकर्ताले नियमित योगदान गर्न छाडेमा के हुन्छ?**

❖ योगदानकर्ताले जुनसुकै कारणले कोषमा नियमित योगदान गर्न छाडेमा त्यसरी योगदान गर्न छोडेको ६ वर्ष भित्र त्यस्तो सापटी चुक्ता गरि सक्नुपर्छ ।

१०.**समयमा सापटी नतिरेमा/चुक्ता नगरेमा के हुन्छ ?**

❖ सापटी तोकिएको समयसम्म पनि नतिरेमा कोषले योगदानकर्ताको धितोबाट असुल उपर गर्छ ?

११.**कोषबाट प्रदान गरिने शैक्षिक सापटीको अधिकतम सीमा कति हो ?**

❖ धितो मूल्याङ्कनबाट कायम भएको रकममा नबढ्ने गरी पैँतीस लाख रुपैयाँ वा सम्बन्धित शिक्षण संस्थामा लाग्ने वास्तविक खर्च जुन कम हुन्छ सो बराबर रकम शैक्षिक सापटीको अधिकतम सीमा हो ।

१२.**कोषले शैक्षिक सापटी कसरी प्रदान गर्छ ?**

❖ कोषले शैक्षिक सापटी प्रदान गर्दा योगदानकर्ताको माग बमोजिम एकमुष्ट वा बढीमा चार किस्तामा प्रदान गर्छ ।

१३.**शैक्षिक सापटी कति समयभित्र चुक्ता गरि सक्नुपर्छ ?**

❖ योगदानकर्ताले अनिवार्य अवकाश हुने अवधि ननाघ्ने गरी शैक्षिक सापटीको पहिलो किस्ता लिएको बढीमा पन्ध्र वर्षभित्र सापटी चुक्ता गर्नुपर्छ यदि योगदानकर्ताले जुनसुकै कारणले कोषमा नियमित योगदान गर्न छाडेमा त्यसरी योगदान गर्न छोडेको छ वर्षभित्र त्यस्तो सापटी चुक्ता गरि सक्नुपर्नेछ ।

१४.**एकै धितोबाट एक भन्दा बढी सापटी प्राप्त गर्न सकिन्छ ?**

❖ धितोले खामेसम्म एकै धितोबाट एक भन्दा बढी सापटी प्राप्त गर्न सकिन्छ ।

१५.**योगदानकर्ता विशेष सापटी कतिसम्म प्राप्त गर्न सकिन्छ ?**

❖ अवकाश कोष योजनामा जम्मा भएको रकमको अधिकतम असी प्रतिशत रकमसम्म विशेष सापटी प्राप्त गर्न सकिन्छ ।

१६.**विशेष सापटी कति पटकसम्म लिन सकिन्छ ?**

❖ तोकिएको सीमाभित्र रही जुनसुकै बेला विशेष सापटी लिन सकिन्छ । तर कोषले प्रशासनिक कारणले रु ५० हजार भन्दा कम सापटी सुविधा उपलब्ध गराउँदैन ।

**१७. कोषबाट प्राप्त सापटी कसरी तिर्ने ?**

❖ योगदानकर्ताले मासिक तलवबाट कट्टी गरी वा कोषले तोकेको बैङ्क खातामा पटकपटक वा एकै पटक जम्मा गरी सापटी चुक्ता गर्न सकिन्छ ।

१८.**घर सापटी माग गर्दा केके कागजात पेश गर्नुपर्छ ?**

❖ घर सापटी माग गर्दा आफैंले प्रमाणित गरी तल उल्लेखित कागजात पेश गर्नुपर्छ ।

(क) निवेदकको नागरिकता र कोषले प्रदान गरेको परिचय पत्रको प्रतिलिपि,

(ख) धितो राखिने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि (नयाँ नापी भएको भए श्रेस्ता अद्यावधिक भएको हुनुपर्ने),

(ग) घर जग्गा प्राप्तिको स्वामित्व सम्बन्धी लिखत (राजीनामा, अंशवण्डा, बकसपत्र, छोडपत्र, दर्ताफारी आदि) को प्रतिलिपि,

(घ) धितो राखिने जग्गाको नापी नक्साको सम्बन्धित निकायबाट प्रमाणित ब्लू प्रिन्ट र चार किल्ला खुलेको ट्रेस पेपरको सक्कल प्रति,

(ङ) धितो राखिने जग्गाको जग्गाधनी र निवेदक फरक व्यक्ति भएमा जग्गाधनीको नागरिकताको प्रतिलिपि,

(च) चालू आर्थिक वर्षको मालपोत बुझाएको रसिदको प्रतिलिपि,

(छ) धितो राखिने जग्गाको जग्गा धनी र निवेदक फरक व्यक्ति भएमा निजहरू बिचको नाता खुल्ने प्रमाण पत्रको प्रतिलिपि,

(ज) घर खरिद गर्दा खरिदकर्ता र बिक्रीकर्ताबीच हुने सम्झौता,

(झ) सम्बन्धित स्थानीय तहबाट प्रमाणित चारकिल्ला खुलेको सक्कल पत्र,

(ञ) सम्बन्धित कार्यालयबाट प्रमाणित योगदानकर्ताको अवकाश हुने मिति तथा तलवमान खुलेको सक्कल पत्र,

(ट) घर र जग्गा दुबै धितो राख्नु परेमा घर निर्माण सम्पन्न प्रमाणपत्र, तर जग्गाको मूल्याङ्कनले मात्रै सापटी रकमलाई खाम्ने भएमा जग्गाको मूल्याङ्कनबाट मात्र पनि सापटी गर्न सकिनेछ।

(ठ) धितो राखिने घरको सम्पत्ति बिमाका कागजातकहरू

(ड) कोषले आवश्यक ठानेका अन्य थप कागजातहरू।

**१९.शैक्षिक सापटी माग गर्दा केके कागजात पेश गर्नुपर्छ ?**

❖ शैक्षिक सापटी माग गर्दा आफैंले प्रमाणित गरी तल उल्लेखित कागजात पेश गर्नुपर्छ।

(क) अध्ययन गर्ने विद्यार्थीको एस.एल.सी., एस. ई. ई. र सो भन्दा माथिको चारित्रिक प्रमाणपत्र र लब्धाङ्कपत्रको प्रतिलिपि,

(ख) विद्यार्थीको नागरिकताको प्रतिलिपि,

(ग) सम्बन्धित शिक्षण संस्थामा भर्ना भएको तथा अध्ययन अवधि र खर्चको विवरण खुलेको आधिकारिक पत्र,

(घ) निवेदक, अध्ययन गर्ने विद्यार्थी र धितो जमानी दिने बीचको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(ङ) भिषा अनिवार्य नभएका देशहरूमा बाहेक अन्य विदेशी मुलुकमा अध्ययन गर्ने भएमा विद्यार्थीको पासपोर्ट र भिसा लागेको कागजातको प्रतिलिपि,

(च) निवेदकको पति वा पत्नीबाहेक एकाघरको अन्य सदस्यको नामको धितो लिनुपर्दा पारिवारिक मन्जुरीनामा।

२०.**सापटीको ब्याजदर कति छ ?**

❖ सापटीको ब्याजदर कोषको सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुन्छ । आ. व. २०७९/८० का लागि विशेष सापटीको ब्याजदर ९.१० र अन्य सापटीको ९. ७५ प्रतिशत रहेको छ।

२१. **ब्याज नतिरेमा के हुन्छ ?**

❖ बार्षिक रुपमा पाकेको ब्याज प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र पनि चुक्ता नगरेमा त्यस्तो ब्याज साँवामा जोडिन्छ। अन्य सापटीसमेत प्राप्त गर्न सकिदैन।

२२. **के कोषबाट सापटी लिँदा बीमा गर्नुपर्छ ?**

❖ कोषबाट प्रदान गरिने घर सापटी तथा शैक्षिक सापटी लिँदा अनिवार्य सम्पत्ति बीमा गर्नुपर्छ भने कोषले आवश्यक ठानेमा ऋणीको समेत बीमा गराउन सक्नेछ।

२३. **घर वा शैक्षिक सापटीमा सहुलियत अवधि हुन्छ ?**

❖ घर सापटी लिँदा एक वर्ष सहुलियत अवधि हुनेछ भने शैक्षिक सापटीमा अध्ययनका लागि लाग्ने समयका आधारमा दुई वर्षसम्म सहुलियत अवधि दिन सकिनेछ।

२४. **कोषले कस्तो सम्पत्तिलाई धितो स्वीकार्छ ?**

❖ विशेष सापटी बाहेक अन्य सापटी प्रवाह गर्दा तल उल्लेख गरे बमोजिमको कुनै वा सबै अचल सम्पत्ति धितोको रुपमा लिन सकिन्छः

(क) योगदानकर्ताको नाममा रहेको घर वा जग्गा,

(ख) घर सापटीको हकमा योगदानकर्ताले निर्माण वा खरिद गर्ने घर जग्गा,

(ग) योगदानकर्ताको एकाघरका सदस्यको नाममा रहेको घर जग्गा।

२५. **कोषले कस्तो सम्पत्तिलाई धितो स्वीकार गर्दैन ?**

❖ तल उल्लेख गरिएका जस्ता सम्पत्तिलाई कोषले धितोको रूपमा स्वीकार गर्दैनः

(क) गुठीमा दर्ता कायम भएको र रैतानी भइ नसकेको,

(ख) मोही लागेको,

(ग) कोषको व्यवस्थापनले निर्धारण गरेको भौगोलिक क्षेत्रभन्दा बाहिरको,

(घ) विद्युतको हाईटेन्सन लाइन नजिक भएको जग्गाको हकमा स्थानीय तह, नगर विकास समिति तथा नेपाल विद्युत प्राधिकरणले निर्धारण गरेको मापदण्ड अनुसार नभएको,

(ङ) खोला किनारमा भएको घरजग्गाको हकमा नगर विकास समिति तथा स्थानीय तह वा सरकारी निकायले समयसमयमा निर्धारण गरेको मापदण्ड अनुरुप नभएको,

(च) घरको स्थायी नक्सा पास भएको बीस वर्ष भन्दा बढी भएको,

(छ) घर सापटी माग गर्ने फाराम दर्ता गर्ने समयमा डि. पि. सी. लेभलसम्म निर्माण नभएका र घर खरिदको हकमा कोषमा सापटी फाराम पेश गर्नु अगाडि नै घर खरिद भइसकेको,

(ज) अदालत वा अन्य कुनै निकायमा मुद्दा मामिला परेको,

(झ) घरको हकमा सम्बन्धित निकायबाट नक्सा पास नभएको वा शर्तसहित नक्सा पास भएको,

(ञ) धितोमा लिइने सम्पत्ति सम्बन्धित धनीको नाममा प्राप्त भएपछि प्रचलित कानून बमोजिम हकदाबी गर्न पाउने अवधि ननाघेको।

(ट) महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका क्षेत्रभित्र साढे दुई आना वा पाँच धुर र गाउँपालिकाको हकमा चार आना वा साढे सात धुरभन्दा कम जग्गा।

२६. **घर जग्गासम्म पुग्ने बाटोका सम्बन्धमा कोषको के कस्तो मापदण्ड छ ?**

❖ धितो लिन सकिने घर जग्गासम्म पुग्ने बाटोको मापदण्ड निम्न अनुसार छः

(क) नयाँ निर्माणाधिन घर धितो रहने सम्पत्तिको हकमा मापदण्ड अनुरुप बाटो कायम गरी सम्बन्धित स्थानीय तहबाट नक्सा स्वीकृत भएको हुनुपर्ने,

(ख) संवत् २०७२ साल असोज १ गतेभन्दा अगाडि नक्सा पास भएका वा निर्माण सम्पन्न भएका घर धितो रहने सम्पत्तिको हकमा मापदण्ड अनुरुप बाटो कायम गर्दा घरजग्गालाई असर नपर्ने भनी सम्बन्धित निकायबाट सिफारिश भएको हुनुपर्ने,

(ग) शैक्षिक सापटी प्रदान गर्दा जग्गामात्र धितो रहने सम्पत्तिको हकमा कम्तीमा चार मिटरको बाटो कायम भएको हुनुपर्ने।

२७. **धितो मूल्याङ्कन तथा सापटी शुल्क सम्वन्धी के व्यवस्था छ ?**

❖ धितो मूल्याङ्कनकर्तालाई धितो मूल्याङ्कन शुल्कबापत उपत्यकाभित्र रु ३ हजार तथा उपत्यका बाहिर रु ४ हजार शुल्क स्वयं सापटी लिने योगदानकर्ताले तिर्नुपर्ने छ। साथै सापटी शुल्क रु १ हजार कोषले तोकेको कोषको खातामा जम्मा गर्नुपर्ने छ।

२८. **सापटी प्रयोजनार्थ "आधारभूत पारिश्रमिक" भन्नाले के बुझिन्छ** ?

❖ आधारभूत पारिश्रमिक भन्नाले योगदानकर्ताको सामाजिक सुरक्षा कोषमा रकम कट्टी गर्दा कायम गरिएको सम्बन्धित पद वा तहको मासिक आधारभूत तलवमान भन्ने बुझिन्छ।

२९. **सापटी प्रयोजनार्थ "एकाघरको सदस्य" के बुझिन्छ** ?

❖ एकाघरको सदस्य भन्नाले योगदानकर्ताको सगोलमा बस्ने बाबु, आमा, पति, पत्नी, छोरा, अबिबाहिता छोरी सम्झनुपर्छ र सो शब्दले बिबाहिता महिलाको हकमा सगोलको सासु ससुरा समेतलाई बुझाउँछ।

३०. **सापटी प्रयोजनार्थ "मूल्याङ्कनकर्ता" भन्नाले के बुझिन्छ** ?

- ❖ धितो मूल्याङ्कन गर्ने प्रयोजनका लागि कोषको कार्यालयमा सूचिकृत व्यक्ति, फर्म वा कम्पनीलाई मूल्याङ्कनकर्ता सम्झनुपर्छ र सो शब्दले कोषको कार्यकारी निर्देशकले तोकेको कोषको कर्मचारीलाई समेत जनाउँछ।

३१. **योगदानकर्ता सापटी निर्देशिका कहिले स्वीकृत भएको हो** ?

- ❖ योगदानकर्ता सापटी निर्देशिका, २०७९ असार ३१ गते स्वीकृत भएको हो।

**३२. अन्य जानकारी चाहिएमा कहाँ सम्पर्क गर्ने ?**

- ❖ योगदानकर्ता सापटी लगायत कोष सम्बन्धी अन्य जानकारी चाहिएमा कोषको कल सेन्टर नं १११६ मा निशुल्क फोन गरी बुझ्न सकिनेछ।